# भिमाद नगरपालिका
## BHIMAD MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF MUNICIPAL EXECUTIVE
भिमाद, तनहुँ
BHIMAD, TANAHUN
२०७३ / 2073

गण्डकी प्रदेश, नेपाल
GANDAKI PROVINCE, NEPAL

प.सं / REF. NO. : ०८२/०८३
च.न. / DIS. NO. : ८६२५


मितिः२०८२।०६।३०

श्री वडा कार्यालय सबै,
श्री टोल विकास संस्था, आमा समूह, यूवा क्लव सबै
भिमाद नगरपालिका, तनहुँ ।

विषयः शुभ दिपावली र छठ पर्व मनाउने सम्बन्धमा ।

नेपालीहरुको महान चाड शुभ दिपावली र छठ पर्व २०८२ को अवसरमा सबै नगरवासीहरुमा भिमाद नगरपालिका परिवार हार्दिक शुभकामना व्यक्त गर्दछ । सदाझै यस वर्ष पनि शुभ दिपावली र छठ पर्व सभ्य मर्यादित सुरक्षित रुपमा मनाउन साथै चाडपर्व मनाउने क्रममा हुन सक्ने अवाञ्छित कार्यहरु नियन्त्रण गर्नु हामी सबै नगरबासीको कर्तव्य भएकोले मिति २०८२।०६।२८ गतेको राजनैतिक दल र नागरिक समाजको सयुक्त बैठकको निर्णय बमोजिम तपसिलका कार्यहरुमा सहयोग गर्नुहुन सबैमा हार्दिक अनुरोध गरिन्छ ।

१. पटका, आतिसवाजी, भुइचम्मा जस्ता प्रज्वलनशिल एवं विष्फोटक पदार्थको उत्पादन, ओसारपसार विक्रि वितरण र प्रयोग नगर्ने/नगराउने ।
२. चाडपर्वको वहानामा गैरकानूनी रुपमा चिठ्ठा, जुवातास, कुनै पनि प्रकारको बाजी वा सट्टेवाजी जस्ता खेल खेल्न तथा खेलाउन नहुने।
३. अत्यावश्यक वस्तुमा कृत्रिम अभाव सृजना गर्ने, कालोबजारी, मुल्यबृद्धि, म्याद नाघेका वस्तु विक्री वितरण लगायत उपभोक्ता हित विपरितका कार्यहरु नगर्ने/ नगराउने ।
४. मादक पदार्थ लगायत नशालु पदार्थ सेवन गरी पर्वको समयमा सार्वजनिक स्थानमा हो-हल्ला झै झगडा जस्ता कार्यहरु गरी शान्ति सुरक्षालाई असर पर्ने गरी कुनै कार्य नगर्ने/नगराउने ।
५. मौलिक कला, संस्कृति र परम्पराको जगेर्ना गर्ने गरी वेलुका ९:०० बजे सम्म मात्र देउसी भैलो खेल्ने ।
६. सडक बाटोमा सवारी साधनलाई अवरोध हुने गरी डोरी राख्ने कार्य नगर्ने/नगराउने ।

०८२।६।३१

कमलप्रसाद पुन
प्रमुख प्रशासकीय अधिकृत

कमलप्रसाद पुन
प्रमुख प्रशासकीय अधिकृत